# शुद्धोदन गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड:१०    संख्या:५    मितिः २०८३/०१/२५


भाग —२

शुद्धोदन गाउँपालिका

मानपकड़ी, लुम्बिनी प्रदेश

## शुद्धोदन गाउँपालिका

कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्वन्धी कार्यविधि,२०८३

### कृषि तथा पशुजन्य वस्तुको उत्पादनमा आधारित अनुदान सम्वन्धी कार्यविधि,२०८३

**१.प्रस्तावनाः** शुद्धोदन गाउँपालिका कृषि तथा पशुपालनको क्षेत्रमा प्रशस्त सम्भावना बोकेको स्थानीय तह हो ।यहाँका अधिकांश मानिसहरुले मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन पेशालाई अवलम्बन गरेका छन् । यसरी यस गाउँपालिकाका कृषकहरुलाई व्यवसायिक र प्रतिष्पर्धी बनाई उनीहरुको आयआर्जन बृद्धि गरी स्वाबलम्बी बनाउन बाञ्छनीय भएकोले यो कार्यबिधि स्थानीय सरकार संचालन ऐन,२०७४

को दफा १०२ ले दिइको अधिकार प्रयोग गरी शुद्धोदन गाउँकार्यपालिकाले देहायको कार्यविधि जारी गरेको छ ।

**२.परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१) "गाउँपालिका" भन्नाले शुद्धोदन गाउँपालिकालाई सम्झनुपर्दछ ।

२) "अध्यक्ष" भन्नाले शुद्धोदन गाउँपालिकाको अध्यक्ष सम्झनुपर्दछ ।

३) "उपाध्यक्ष" भन्नाले शुद्धोदन गाउँपालिकाको उपाध्यक्ष सम्झनुपर्दछ ।

४) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले शुद्धोदन गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

५) "वडा" भन्नाले शुद्धोदन गाउँपालिकाको सबै वडाहरुलाई सम्झनु पर्दछ ।

६) "सहकारी" भन्नाले कृषि तथा पशुजन्य बस्तु उत्पादनमा संलग्न शुद्धोदन गाउँपालिका भित्रका सहकारीहरुलाई जनाउनेछ। यस शब्दले शुद्धोदन गाउँपालिकाका कृषकहरुको कृषिजन्य उत्पादन खरिद गर्ने आसपासका सहकारीलाई समेत जनाउनेछ।

७)"तरकारी"फूलगोभी,बन्दागोभी,केराउ,बोडी,सिमी,साग,गोलभेडा,आलु,लौका,चिचिण्डा,घिरौला,भेन्टा,फर्सि, काँक्रो,स्कुस,परवर,पिडालु लगायतका तरकारीको रुपमा प्रयोग हुने बस्तुलाई जनाउछ।

८) "फलफूल" भन्नाले कागती,जुनार,सुन्तलत,अम्वा,आंप,लिचीलगायत फलफुलको रुपमा प्रयोग हुने बस्तुलाई जनाउछ।

९) "मसलाजन्य बस्तु" भन्नाले लसुन,प्याज,धनिया,खुर्सानी,अदुवा,हलेदोलगायत मसलाको रुपमा प्रयोग हुने बस्तुलाई जनाउनेछ।

१०)"व्यापारी" भन्नाले व्यापार गर्नको लागि इजाजतपत्र लिई शुद्धोदन गाउँपालिकामा व्यवसाय दर्ता गरी प्यान नं. लिएको शुद्धोदन गाउँपालिका भित्र उत्पादित कृषि जन्य सामाग्रीलाई व्यापार गर्न सहयोग पुर्याउने व्यवसायीलाई जनाउने छ।

११)"समूह" भन्नाले कृषि तथा पशुजन्य बस्तु उत्पादनमा संलग्न शुद्धोदन गाउँपालिका भित्र दर्ता भएका समूहहरुलाई जनाउनेछ।

१२)"कृषि फर्म" भन्नाले कृषि तथा पशुजन्य बस्तु उत्पादनमा संलग्न शुद्धोदन गाउँपालिका भित्रका दर्तावाल कृषि फर्महरुलाई जनाउनेछ।

१३ निजि डेरि भन्नाले शुद्धोदन गाउँपालिका भित्रका व्यावसायीक दर्ता वाल डेरी लाई जनाउनेछ।

## ३.अनुदान उपलब्ध गराउन सक्ने कृषि तथा पशुजन्य बस्तुहरुः

१) गाउँपालिकाले आफ्नो स्वीकृत बजेटको परिधिभित्र रही कृषि जन्य बस्तु अन्तर्गत तरकारी,फलफूल,मह,मसलाजन्य खाद्यान्नवाली तथा तरकारी बिउ र फलफुल बिरुवा वस्तुमा र पशुजन्य उत्पादन अन्तर्गत दुग्धजन्य उत्पादन,अण्डा तथा मासुमा अनुदान उपलब्ध गराउने छ।

## ४. अनुदान उपलब्ध गराउने विधिः

१) गाउँपालिकाले विनियोजन गरेको वार्षिक बजेट तथा स्वीकृत कार्यक्रम अन्तर्गत अनुसूची—१ बमोजिम दरखास्त आह्वान गर्नेछ।

२) प्रस्तावित कार्यक्रमका लागि योग्यता पुगेका प्रस्तावहरूको हकमा प्रचलित कानून बमोजिम सम्बन्धित निकायमा विधिवत् रूपमा दर्ता भएको, कर चुक्ता गरेको, स्थायी लेखा नम्बर प्राप्त गरेको, गत आर्थिक वर्षमा लेखापरीक्षण सम्पन्न भएको तथा व्यावसायिक फार्मको हकमा लेखापरीक्षण प्रतिवेदन संलग्न भएको र कुनै कारबाहीमा नपरेको हुनुपर्नेछ।

३) छनोट हुन इच्छुक सहकारी संस्था, दुध डेरी तथा कृषि तथा पशुपन्छी फार्मले अनुसूची—२ बमोजिम प्रस्ताव पेश गर्नुपर्नेछ।

४) उपदफा ३ बमोजिम प्राप्त प्रस्तावहरू आर्थिक विकास समितिको बैठकबाट छनोट गरी गाउँकार्यपालिकाबाट अनुमोदन गरिनेछ।

५) दफा ४ को उपदफा ४ बमोजिम छनोट भएका सहकारी संस्था,,दुध डेरि तथा कृषि तथा पशुपन्छी फार्महरूसँग अनुसूची—३ बमोजिम सम्झौता गरिनेछ।

६) सान्दर्भिकता तथा आवश्यकताका आधारमा तोकिएको संकलन केन्द्र खारेज गर्ने अधिकार शुद्धोधन गाउँपालिकामा निहित रहनेछ।

## ५. अनुदान सम्बन्धी व्यवस्था

१) उत्पादन गरी बिक्री पश्चात् कृषि उत्पादनमा आधारित अनुदान प्राप्त गर्न शुद्धोधन गाउँपालिका भित्रका कृषकहरूले अनुसूची—४ बमोजिमको ढाँचामा आफ्नो खेती वा पशुपन्छी पालन सम्बन्धी विवरण गाउँपालिकाद्वारा निर्धारण गरिएका सम्बन्धित सहकारी संस्था , दुध डेरी वा कृषि तथा पशुपन्छी फार्ममा सूचीकृत गर्नुपर्नेछ।

२) तोकिएको सहकारी संस्था, कृषक समूह वा कृषि तथा पशुपन्छी फार्मले उत्पादनको खरिद तथा बिक्री अभिलेख अनुसूची—५ बमोजिमको ढाँचामा प्रत्येक कृषकको विवरण वडा प्रतिनिधि प्राविधिकको रोहवरमा अभिलेखीकरण गरी राख्नुपर्नेछ।

३) गाउँपालिकाद्वारा निर्धारण गरिएका सहकारी संस्था, कृषक समूह, दुध डेरी वा कृषि तथा पशुपन्छी फार्मले अनुसूची—६ बमोजिमको ढाँचामा सूचीकृत कृषकहरूको खरिद अभिलेख, दैनिक बिक्री बिल तथा वडा कार्यालयको सिफारिससहित अनुदान रकम भुक्तानीका लागि गाउँपालिकामा निवेदन पेश गर्नुपर्नेछ।

४) कृषकले स्वयं उत्पादन गरी सम्बन्धित कृषि सहकारी संस्था, डेरी ,कृषि तथा पशुपन्छी फार्म मार्फत बिक्री वितरण गर्नुपर्नेछ।

५) यसरी बिक्रि वितरण भएको बस्तुको रकम सम्बन्धित सहकारी संस्था, कृषि तथा पशुपन्छी फार्मले सम्बन्धित कृषकको खातामा जम्मा गरिदिनु पर्ने छ |

६) डेरीहरुको हकमा सफ्टवेयरमा भएको अनलाइन रेकर्डको आधारमा किसानको खातामा भुक्तानी गरिने छ |

७) गाउँपालिकाद्वारा कृषकको बैंक खातामा विद्युतीय भुक्तानी प्रणाली EFT मार्फत अनुदान रकम भुक्तानी गरिनेछ। कुनै कारणवश प्रत्यक्ष भुक्तानी सम्भव नभएमा सम्बन्धित कृषि सहकारी संस्था, कृषक समूह वा कृषि तथा पशुपन्छी फार्मको खातामा एकमुष्ट भुक्तानी गरिनेछ र उक्त संस्था वा फार्मले सम्बन्धित कृषकको खातामा जम्मा गरेको बैंक भौचर गाउँपालिकामा पेश गर्नुपर्नेछ।

८) कृषि उत्पादनमा आधारित अनुदान रकम गाउँकार्यपालिकाको निर्णय अनुसार हुनेछ।

९) कुनै कारण बस अनुदान रकम अपुग भएमा गाउँकार्यपालिकाको निर्णय अनुसार वितरण हुनेछ।

१०) यस कार्यक्रम सञ्चालनको क्रममा कृषि सहकारी संस्था, कृषक समूह, दुध डेरी तथा कृषि तथा पशुपन्छी फार्मले बिक्री अभिलेखसहित आवश्यक कागजात गाउँपालिकामा पेश गरेपश्चात् व्यवस्थापन खर्च बापत बिक्री परिमाणको अधिकतम १० प्रतिशत बराबरको अनुदान रकम सम्बन्धित कृषि सहकारी संस्था, कृषक समूह, दुध डेरी वा कृषि तथा पशुपन्छी फार्मलाई गाउँपालिकाले उपलब्ध गराउन सक्नेछ।

११) न्यूनतम व्यवस्थापन बजेटको अतिरिक्त बिक्री परिमाणको आधारमा गाउँकार्यपालिकाको निर्णय बमोजिम थप प्रोत्साहन रकम उपलब्ध गराउन सकिनेछ।

१२) शुद्धोधन

गाउँपालिका बाहिरका कृषि सहकारी संस्था, कृषक समूह,दुध डेरी तथा कृषि तथा पशुपन्छी फार्मलाई यस कार्यविधि बमोजिम अनुदान उपलब्ध गराइने छैन।

६. असुलउपर तथा कारबाहीः

१) कार्यविधि बमोजिम प्रदान गरिएको अनुदान रकम सम्बन्धित कार्यमा प्रयोग नगरी अन्यत्र प्रयोग गरेको पाइएमा वा हिनामिना भएको प्रमाणित भएमा सम्बन्धित पक्षबाट प्रचलित कानून बमोजिम सरकारी बाँकी सरह असुलउपर गरिनेछ।

२) अनुदानको दुरुपयोग गर्ने अनुदानग्राहीलाई भविष्यमा यस कार्यालयबाट कुनै पनि प्रकारको अनुदान उपलब्ध गराइने छैन।

## ७. कार्यक्रम अनुगमन तथा मूल्याङ्कन

१) सहकारी संस्था, कृषक समूह, दुध डेरी तथा कृषि तथा पशुपन्छी फार्महरूले प्रस्ताव भई छनोट भएका कार्यक्रमहरू सम्झौता बमोजिम कार्यान्वयन भएरनभएको सम्बन्धमा अनुगमन गर्ने जिम्मेवारी पालिकास्तरीय अनुगमन समितिको हुनेछ। यसका लागि सम्बन्धित वडामा कार्यरत कर्मचारीहरूले सम्बन्धित अनुदानग्राहीहरूसँग नियमित रूपमा भेटघाट गरी कार्यक्रमको अनुगमन गर्नुका साथै आवश्यक प्राविधिक सल्लाह तथा सुझाव प्रदान गर्नुपर्नेछ।

२) उपदफा १ बमोजिम कार्यक्रमको अनुगमन गर्दा आवश्यक प्राविधिक सल्लाह तथा सुझाव प्रदान गर्नुका साथै कार्यक्रमको प्रगति सम्बन्धी विवरण संकलन गर्नुपर्नेछ। चौमासिक रूपमा लिखित प्रतिवेदन तयार गरी सम्बन्धित शाखा प्रमुखसमक्ष पेश गर्नुपर्नेछ।

३) उपदफा १ बमोजिम आ—आफ्ना वडामा सञ्चालित कार्यक्रमको कम्तीमा वर्षमा दुई पटक अनुगमन गर्नुपर्नेछ। अनुगमन पश्चात् नतिजासहितको प्रतिवेदन तयार गरी गाउँपालिकामा पेश गर्नुपर्नेछ।

८. बाधा अड्काउ फुकाउनेः

१) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ परे गाउँ कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ।

९. परिमार्जन तथा संशोधनः

१) यस कार्यविधिलाई आवश्यकता अनुसार गाउँ कार्यपालिकाले परिमार्जन तथा संशोधन गर्न सक्नेछ।

अनुसूची—१

(दफा ४ को उपदफा (१) सँग सम्बन्धित)

कार्यक्रममा सहभागी हुन प्रस्ताव आह्वानको सूचना

शुद्धोदन गाउँपालिका, रुपन्देहीको आ.व. ................ को वार्षिक स्वीकृत उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकाले कृषि/पशुपालन व्यवसायमा संलग्न भई कृषि उत्पादन खरिद—बिक्री गर्दै आएको वा गर्न चाहने इच्छुक कृषि तथा पशुपन्छी फर्म, दुध डेरी तथा सहकारी संस्थाहरूबाट दरखास्त आह्वान गर्न यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ——— दिनभित्र शुद्धोदन गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, रुपन्देहीमा तोकिएको ढाँचाअनुसार आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा अनुरोध गरिन्छ।

आवश्यक कागजातहरू

१. अनुसूची—२ अनुसारको ढाँचामा निवेदन

२. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र

३. कृषि सहकारी संस्था, दुध डेरी , कृषि तथा पशुपन्छी फर्मको हकमा दर्ता प्रमाणपत्र, नवीकरण, कर चुक्ता तथा गत आ.व. को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि

४. अनुसूची ४ अनुसारको सूचीकृत कृषकहरूको विवरण र बिक्रि योग्य परिमाण

५. सञ्चालक समितिको निर्णयको प्रतिलिपि

६. कृषकको खातामा रकम भुक्तानी गर्ने प्रतिबद्धता पत्र

अनुसूची–२

(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)

अनुदानका लागि पेश गर्ने निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शुद्धोधन गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
रुपन्देही

मितिः ————

विषयः उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।

महोदय,

उपरोक्त विषयमा तहाँ कार्यालयबाट मिति ——— मा प्रकाशित सूचना अनुसार शुद्धोधन गाउँपालिका वडा नं. —— मा अवस्थित श्री ————— (सहकारी संस्था/कृषक समूह/दुध डेरी /कृषि तथा पशुपन्छी फर्म) ले कृषकहरूको ———— उत्पादन संकलन, खरिद तथा बिक्री गर्दै आएकाले संकलन केन्द्रको रूपमा छनोट भई मातहतका कृषकहरू उत्पादनको आधारमा अनुदान सहयोग कार्यक्रममा समावेश हुन इच्छुक रहेको हुँदा तपसिल अनुसारका कागजात संलग्न गरी यो निवेदन पेश गरेको छु।

तपसिलः

१. अनुसूची–२ बमोजिमको निवेदन पत्र
२. वडा कार्यालयको सिफारिस पत्र
३. दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. कर चुक्ता तथा लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि
५. सञ्चालक समितिको निर्णयको प्रतिलिपि
६. कृषकको खातामा रकम भुक्तानी  गर्ने प्रतिबद्धता पत्र
७. अनुसूची ४ अनुसारको सूचीकृत कृषकहरूको विवरण र बिक्रि योग्य परिमाण

निवेदकको

नाम, थरः —————
पदः —————
दस्तखतः —————
सम्पर्क नं.: —————
छापः —————

## अनुसूची—३

(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन गर्नका लागि सहकारी संस्था, कृषक समूह,दुध डेरी , कृषि तथा पशुपन्छी फर्म र शुद्धोधन गाउँपालिका बीच भएको सम्झौता पत्रको ढाँचा

शुद्धोधन गाउँपालिका भित्रका निर्वाहमुखी कृषकहरुलाई व्यावसायीकरण तथा व्यावसायिक कृषकहरुलाई थप प्रोत्साहन गर्ने उद्देश्यले पहिलो पक्ष भनिने शुद्धोधन गाउँपालिका र दोस्रो पक्ष भनिने सहकारी संस्था, कृषक समूह, दुध डेरी ,कृषि तथा पशुपन्छी फर्म बीच तपसिल बमोजिमका सम्झौता शर्तहरुमा सहमति भई यो सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

सम्झौताका शर्तहरु

१. सहकारी संस्था, कृषक समूह,दुध डेरी , कृषि तथा पशुपन्छी फर्मले कृषकहरुलाई कृषि उपजको नियमित कारोबार गर्नका लागि आफ्नो संस्था केन्द्रमा कृषकको खेती विवरणको अभिलेख राखी सूचीकृत गर्नुपर्नेछ।

२. सम्बन्धित सहकारी संस्था, कृषक समूह,दुध डेरी, कृषि तथा पशुपन्छी फर्मले सूचीकृत भएका कृषकहरुको कृषि उपज बिक्रीको कारोबार गाउँपालिकाबाट प्राप्त ढाँचामा अभिलेखीकरण गर्नुपर्नेछ ।

३. दोस्रो पक्षले खरिद—बिक्रीको कारोबार गर्दा अनिवार्य रूपमा वडाको प्राविधिक वा वडा प्रतिनिधिको रोहवरमा गर्नुपर्नेछ ।

४. अनुदान रकम भुक्तानीका लागि कृषि उपज बिक्री कारोबारको अभिलेख तथा अन्य आवश्यक कागजात गाउँपालिकामा पेश गर्नुपर्नेछ ।

५. कृषकले बिक्रि वितरण गरेको कृषि उपजको भुक्तानी सिधै कृषकको खातामा भुक्तानीगरि गाउँपालिकामा त्यसको प्रमाण पेश गरे पछी मात्र अनुदान रकम भुक्तानी गरिने छ |

६. कुनै कारण बस अनुदान रकम अपुग भएमा गाउँकार्यपलिकाको निर्णय अनुसार अनुदान रकम वितरण गरिने छ |

७. कृषि उत्पादनमा आधारित अनुदान कार्यविधि, २०८३ बमोजिम अनुदान रकम सम्बन्धित कृषकहरुको बैंक खातामा सिधै भुक्तानी गरिनेछ ।

८. गलत वा झुट्टा अभिलेख पेश गरेमा सम्बन्धित संस्था/समूह/फर्मलाई कालोसूचीमा राखिनेछ ।

९. व्यवस्थापन खर्च बाहेक कृषकहरुबाट अन्य कुनै रकम लिन पाइने छैन ।

१०. प्राविधिकहरुले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

११. विवाद आएमा पहिलो पक्षको निर्णय अन्तिम मानिनेछ ।

१२. सम्झौताका सर्तहरु आवश्यकता अनुसार परिबर्तन गर्न सकिने छ ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
| --- | --- |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| पद : | पद : |
| मिति : | मिति : |
| कार्यालयको छाप : | संस्थाको छाप : |

रोहवर

| पहिलो | दोस्रो |
| --- | --- |
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| ठेगाना : | ठेगाना : |
| मिति : | मिति : |

## अनुसूची–४

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

कृषकले गरेको खेती तथा उत्पादनको विवरण

सहकारी संस्था / दुध डेरी /कृषि तथा पशुपन्छी फर्म संस्थाको नाम :
ठेगाना :

| क.सं. | कृषकको नामथर | ठेगाना | सदस्य नं. | बाली/वस्तुको नाम | खेती गरिएको क्षेत्रफल | बिउ/बिरुवा संख्या | अनुमानित उत्पादन (के.जी.) | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |

| | | |
|---|---|---|
| विवरण तयार गर्नेको हस्ताक्षर | निरीक्षण गर्नेको हस्ताक्षर | प्रमाणित गर्नेको हस्ताक्षर |
| विवरण तयार गर्नेको नाम | निरीक्षण गर्नेको नाम | प्रमाणित गर्नेको नाम |
| विवरण तयार गर्नेको पद | निरीक्षण गर्नेको पद वडा प्राबिधिक | प्रमाणित गर्नेको पद (वडा अध्यक्ष) |

| | | |
|---|---|---|
| मिति | मिति | मिति |

ख) कृषकले पालेको पशुपन्छीको विवरण

(पशु सेवाको कार्यक्रमको लागि)

लाभग्राही संस्थाको नाम :

ठेगाना :

संकलन गरेको नाम :

| क्र.स. | कृषकको नाम | ठेगाना | सम्पर्क नं. | भैंसी | गाई | गोरु | बाखा/भेडा | बङ्गुर | कुखुरा | खरायो | माछा | अन्य | हस्ताक्षर |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | | |

| | | |
|---|---|---|
| विवरण तयार गर्नेको हस्ताक्षर | निरीक्षण गर्नेको हस्ताक्षर | प्रमाणित गर्नेको हस्ताक्षर |
| विवरण तयार गर्नेको नाम | निरीक्षण गर्नेको नाम | प्रमाणित गर्नेको नाम |
| विवरण तयार गर्नेको पद | निरीक्षण गर्नेको पद वडा प्राबिधिक | प्रमाणित गर्नेको पद (वडा अध्यक्ष) |
| मिति | मिति | मिति |

अनुसूची–५

(दफा ५ को उपदफा (२) सँग सम्बन्धित)

क) कृषि उपजको खरिद तथा बिक्री रेकर्ड (कृषि विकास कार्यक्रम)

सहकारी संस्था, कृषक समूह, दुध डेरी  तथा कृषि तथा पशुपन्छी फर्मको नामः

ठेगानाः

मितिः

| क.स | कृषकको नाम | ठेगाना | सम्पर्क नं | के.जी. | जम्मा खरिद रकम | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |

अनुदान प्राप्त गर्ने कृषकको संख्याः

बिक्री गरिएको संख्याः

जम्मा खरिद के.जी.:

| | | |
|---|---|---|
| विवरण तयार गर्नेको हस्ताक्षर | निरीक्षण गर्नेको हस्ताक्षर | प्रमाणित गर्नेको हस्ताक्षर |
| विवरण तयार गर्नेको नाम | निरीक्षण गर्नेको नाम | प्रमाणित गर्नेको नाम |
| विवरण तयार गर्नेको पद | निरीक्षण गर्नेको पद वडा प्राबिधिक | प्रमाणित गर्नेको पद (वडा अध्यक्ष) |
| मिति | मिति | मिति |

ख) खसी/बोका उपजको खरिद तथा बिक्री रेकर्ड (पशुपन्छी विकास कार्यक्रमको लागि)

कृषि सहकारी संस्था, कृषक समूह, कृषि तथा पशुपन्छी फर्मको नामः

ठेगानाः

संकलन केन्द्रको नामः

आ.व.

____________ महिना

| क.स | कृषकको नाम | ठेगाना | सम्पर्क नं | बिक्री खसी/बोका संख्या | के.जी. | जम्मा बिक्री रकम | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

अनुदान प्राप्त गर्ने कृषकको संख्याः

बिक्री खसी/बोकाको संख्याः

बिक्री खसी/बोकाको जम्मा के.जी.:

| | | |
|---|---|---|
| विवरण तयार गर्नेको हस्ताक्षर | निरीक्षण गर्नेको हस्ताक्षर | प्रमाणित गर्नेको हस्ताक्षर |
| विवरण तयार गर्नेको नाम | निरीक्षण गर्नेको नाम | प्रमाणित गर्नेको नाम |
| विवरण तयार गर्नेको पद | निरीक्षण गर्नेको पद वडा प्राबिधिक | प्रमाणित गर्नेको पद (वडा अध्यक्ष) |
| मिति | मिति | मिति |

ग दुध उत्पादनको खरिद तथा बिक्री रेकर्ड फाराम

सहकारी संस्था / कृषक समूह /दुध डेरी / कृषि तथा पशुपन्छी फर्मको नामः

ठेगानाः ..................................................... आ.वः ...................

संकलन केन्द्रको नामः ..................................................... महिनाः ...................

| क्र.स | कृषकको नाम | ठेगाना | सम्पर्क नं. | दूध (लिटर) | जम्मा बिक्री रकम (रु.) | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| | जम्मा | | | | | | |

अनुदान प्राप्त गर्ने कृषकको संख्याः ......................

बिक्री गरिएको दूधको जम्मा लिटरः ......................

| | | |
|---|---|---|
| विवरण तयार गर्नेको हस्ताक्षर | निरीक्षण गर्नेको हस्ताक्षर | प्रमाणित गर्नेको हस्ताक्षर |
| विवरण तयार गर्नेको नाम | निरीक्षण गर्नेको नाम | प्रमाणित गर्नेको नाम |
| विवरण तयार गर्नेको पद | निरीक्षण गर्नेको पद | प्रमाणित गर्नेको पद (वडा अध्यक्ष) |
| मिति | मिति | मिति |

अनुसूची — ६

*(दफा ५ को उपदफा (३) सँग सम्बन्धित)*

भुक्तानीको निवेदन ढाँचा

मितिः ——————

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

शुद्धोधन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, रुपन्देही।

महोदय,

विषयः भुक्तानी सम्बन्धमा।

तहाँ कार्यालयबाट मिति ———— मा प्रकाशित सूचना अनुसार कृषकहरूको उत्पादन संकलन, खरिद तथा बिक्री गर्दै आएकाले मातहतका कृषकहरूलाई "उत्पादनमा आधारित अनुदान कार्यक्रम सञ्चालन कार्यविधि, २०८३" बमोजिमको अनुदान रकम भुक्तानीका लागि तपशिल अनुसारका कागजात सहित यो निवेदन पेश गरेको छु/छौं।

तपशिलः

१. वडा कार्यालयको सिफारिस

२. खरिद—बिक्री अभिलेखको प्रतिलिपि

३. सम्झौता पत्रको प्रतिलिपि

४. सञ्चालक समितिको निर्णयको प्रतिलिपि

५. किसानको खातामा रकम जम्मा गरेको भौचरको प्रतिलिपि

निवेदकको नाम, थरः

पदः

दस्तखतः

सम्पर्क फोन नं.:

छापः

प्रमाणीकरण मिति :- २०८३/०१/२५

आज्ञाले

लेख बहादुर बस्नेत

प्रमुख प्रशासकीय अधिकृत